# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/११/१३

तेस्रो अधिवेसन

(दशौं बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको दशौं बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

अब म माननीय तारालामा तामाङ्गलाई "सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू द्वारा यस सभाको तेस्रो अधिवेशनको ८औं बैठकमा आजै मिति २०७५ साल फाल्गुन ८ गते गर्नु भएको सम्बोधनका लागि प्रदेश सभाको यो बैठक सम्माननीय प्रधानमन्त्री महोदयमा धन्यवाद प्रदान गर्दछ ।" भन्ने धन्यवादको प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

**धन्यवाद प्रदान गर्ने सम्बन्धी प्रस्ताव**

(प्रदेश सभा नियमावली २०७४ को नियम (७१) सँग सम्बन्धीत)

माननिय सभामुखज्यू,

प्रदेश सभा

सुदूरपश्चिम प्रदेश

विषयः धन्यवाद प्रदान गर्ने सम्बन्धी प्रस्ताव ।

"सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओली महोदय द्वारा यस सभाको तेस्रो अधिवेशनको ८औं बैठकमा मिति २०७५ साल फाल्गुन ८ गते गर्नु भएको सम्बोधनका लागि प्रदेश सभाको यो बैठक सम्माननीय प्रधानमन्त्री महोदयमा धन्यवाद प्रदान गर्दछ ।"

**<u>प्रस्तावक</u>**

दस्तखत : ..................

नाम, थर : मा० तारा लामा तामाङ्ग

सम्बन्धित राजनीतिक दलको नामः नेकपा

सभाको हाजिरिको क्र.सं : १९

मिति : २०७५।११।१३

*(प्रस्ताव प्रस्तुत भएपछि)*

**३. माननीय सदस्यहरु,**

अब म माननीय विरमान चौधरीलाई माननीय तारालामा तामाङ्गले प्रस्तुत गरेको धन्यवादको प्रस्तावलाई समर्थन गर्न समय दिन्छु ।

माननीय सभामुख महोदय, माथि उल्लेख भए बमोजिम माननीय श्री तारा लामा तामाङ्ग प्रस्तावक रहनु भएको यस प्रस्तावको म समर्थन गर्दछु ।

समर्थक

दस्तखत : ..................

नाम, थर : मा० विरमान चौधरी

क्र.सं : ४८

सम्बन्धित राजनीतिक दलको नामः नेकपा

मिति : २०७५।११।१३

उपरोक्त धन्यवादको प्रस्ताव यस सभाको मिति २०७५ साल फाल्गुन १३ गतेको दशौँ बैठकबाट सर्वसहमतिले पारित भएकोले प्रमाणित गर्दछु ।

*(समर्थन गरे पछि)*

**४. माननीय सदस्यहरु,**

अब, म "सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू द्वारा यस सभाको तेस्रो अधिवेशनको ८औँ बैठकमा आजै मिति २०७५ साल फाल्गुन ८ गते गर्नु भएको सम्बोधनका लागि प्रदेश सभाको यो बैठक सम्माननीय प्रधानमन्त्री महोदयमा धन्यवाद प्रदान गर्दछ ।" भन्ने धन्यवादको प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

**५. माननीय सदस्यहरु,**

अब म प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु "हुन्छ" भन्नुहोस ।

("हुन्छ" भनेपछि)

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु "हुन्न" भन्नुहोस ।

("हुन्न" भनेपछि)

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ "सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू द्वारा यस सभाको तेस्रो अधिवेशनको ८औं बैठकमा आजै मिति २०७५ साल फाल्गुन ८ गते गर्नु भएको सम्बोधनका लागि प्रदेश सभाको यो बैठक सम्माननीय प्रधानमन्त्रीज्यू लाई धन्यवाद ज्ञापन गर्दछ।" भन्ने धन्यवादको प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु।

६. **माननीय सदस्यहरू,**

अब "**प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५" माथिको कारवाही प्रारम्भ हुन्छ।**

७. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली २०७४, को नियम ११० बमोजिम "**प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथि कुनै पनि माननीय सदस्यहरुको संशोधनको सूचना दर्ता हुन नआएको जानकारी गराउँछु।

(जानकारी गराएपछि)

८. **माननीय सदस्यहरु,**

अब, म उद्योग, पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई "**प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रस्ताव पेस गर्न अनुमति दिन्छु।

माननिय सभामुखज्यू,

"**प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई दफावार छलफलको लागि प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम (१) को देहाय खण्ड (ख) बमोजिम अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भनी प्रदेश सरकारका तर्फबाट यो प्रस्ताव प्रस्तुत गर्दछु। धन्यवाद

(अनुमति दिएपछि)

९. **माननीय सदस्यहरु,**

**अब म "प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०७ को उपनियम (१) को देहाय खण्ड (ख)

बमोजिम दफावार छलफलको लागि अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरु “हुन्छ” भन्नुहोस ।

**(“हुन्छ” भनेपछि)**

प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरु “हुन्न” भन्नुहोस ।

**(“हुन्न” भनेपछि)**

“हुन्न” भन्ने आवाज सुनिएन तसर्थ “**प्रदेशको बाताबरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५**” लाई अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईयोस भन्ने प्रस्ताव सर्वसम्मतीले स्विकृत भएको घोषणा गर्दछु ।

## १०. माननीय सदस्यहरु,

यस बैठकको आजको कार्वाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७५ साल फाल्गुन १६ गते विहिबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।